**प्रदेश सभा**
**सुदूरपश्चिम प्रदेश**
२०७७/०२/२५
छैटौं अधिवेशन
(एघारौंबैठक)
बाचन पत्र (रिडिङ्ग पेपर)

**पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

१. **माननीय सदस्यहरू,**
यस सभाको छैटौं अधिवेशनको एघारौं बैठकको कार्वाही प्रारम्भ हुन्छ

**माननीय दिर्घ बहादुर सोडारी**

सभामुख महोदय, कोरोनाको कहरले हामीलाइ झनझन गाड्दै गएको छ र विश्व महामारी जति बढिरहेको छ त्यति हाम्रो सुदूरपश्चिम, हाम्रो मुलुकमा पनि बढि नै रहेको छ । सुदूरपश्चिममा स्वास्थ्यकर्मी, सुरक्षाकर्मिहरु र आम जनतालाइ त यो रोगले छोएकै थियो यो पटक जनप्रतिनिधि, गोदावरी नगरपालिका स्थित एकजना वडा अध्यक्ष ज्यू पनि कोरोना संक्रमित भएको खबर आएको छ । अब जनप्रतिनिधीहरु खासगरी जनतासँग काम गर्नुपर्ने, क्वारेन्टाइनमा जानुपर्ने धेरै मेहनत गर्नुपर्नेहरुलाइ पनि यो समस्या आइराखेको छ । त्यसैले यसका निम्ति हामी सबै हाम्रो सरकार मार्फत सबैको ध्यानाकर्षण गराउन चाहान्छु कि यसको समाधानका निम्ति, रोकथामका निम्ति संक्रमण न्युनिकरणका निम्ति हाम्रा पहल कदमीहरु द्रुत गतिमा, छिटो गतिमा सेवा सुविधा दिनुपर्ने अवस्था छ सुदुरपश्चिममा आजको दिनमा करिब ६५ हजार मान्छेहरु क्वारेन्टाइनमा छन । सुदुरपश्चिममा आजको दिनमा १०७ जना संक्रमित भैसकेको छ । खासगरि स्वाबको परिक्षणको आँखाबाट हेर्ने हो भने आरडिटि बाट कुरा गर्ने हो भने ९२८ जना को अवस्था छ । अस्ति मात्रै सेती प्रादेशिक अस्पतालमा डायलोसिसमा रहेकि बिरामी को मृत्यु पछि मलामि पछि स्वाब टेस्ट गरिसकेपछि कोरोना पोजेटिभ देखियको छ । सभामुख महोदय हामी यस्तो मुलुकका नागरिक भयौ, यस्तो मुलुकका जनप्रतिनिधि भयौ १२/१२ जना मान्छेहरु मृत्यु पछि कोरोना पोजेटिभ देखियको छ । मृत्यु भन्दा अगाडि होइन मृत्यु भन्दा पछाडि त्यसैकारणले हाम्रो अहिलेको मुख्य ध्यानदिनुपर्ने परिक्षण, त्यो स्वाब परिक्षण छ तर हामी बिवस छौ हामी सुदुरपश्चिममा यक मात्रै प्रयोगशाला सञ्चालनमा छ त्यो पनि प्रयोगशाला संघिय मन्त्री घनश्याम भुसाल जि को पहल ले हामी प्रदेश सरकारले हामी सवैले ल्यायका छौ । त्यो भन्दा अगाडी एउटा मेसिन थ्यो १० जना प्रतिदिन १० जना परिक्षण गर्ने एउटा मेसिन त्यो थन्कियको अवस्थामा छ खासगरि चिन सरकारले दियको ओग्नि ग्रुपबाट आयको पछिल्लो ५ वटा स्वाब परिक्षण मुलुक भरि नै थन्कियको अवस्था छ । एउटा परिक्षण मेसिन हाम्रो अस्पतालमा थन्कियको अवस्थामा छ, त्यो सुचारु छैन त्यो फिर्ता जानुपर्ने अवस्था देखिन्छ त्यसकारणले हामीले निर्णय गर्यौं प्रदेश सरकारले खासगरि डोटि र

बैतडिमा परिक्षणलाइ अगाडि नबढाउने, राम्रो प्रयोगशाला नल्याउने हो भने यो हामीलाइ भयाभह अवस्था सृजना हुने अवस्था आजको दिनमा पनि ११ सय ९६ जना स्वाब परिक्षण लाइनमा बसेको छ, क्यु मा बसेको अवस्था छ । हाम्रो प्रयोगशालाले २५० भन्दा बढी परिक्षण गर्न सकेको अवस्था छैन यो अवस्थामा ६५ हजार करिब अब १ लाखको संख्यामा रहने बिरामीहरुलाइ हामी कसरि अगाडि बढ्ने? यो भयाभह अवस्थामा मानबिय संकटको अवस्थामा हामी कसरि अगाडि बढ्ने प्रदेश सरकार, संघिय सरकार हामी सबै स्थानीय तहका सरकार को गम्भिर ध्यानाकर्षण गर्न चाहान्छु सभामुख महोदय धन्यबाद ।

**माननीय भरत बहादुर खड्का**

सभामुख महोदय, आज कोरोना संक्रमणले गर्दा आक्रात्मक छ नीति तथा कार्यक्रममा हाम्रो मुख्यमन्त्रीज्युले अब प्रदेश सरकार दौडिन्छ भनेर जवाफ दिदा हामीलाइ बडा खुसि लागेको छ तर त्यसकै दोस्रो दिन ५ दिनका लागि बन्द भन्ने निर्णय सुन्दा खेरी सरकार दौडिन्छ भनेकोमा त सरकार रोकियो अब ५/५ दिनसम्म स्वाब टेष्ट नगर्ने भन्ने सामाजिक सञ्जालमा आको छ । पूर्ववक्ताले पनि धेरै कुरा भनिसक्नु भो । यो बिकराल परिस्थिति आउछ । ल्याबहरुको संख्या बढाउनुपर्छ अब यो कति दिन बन्द राख्ने संख्या बढ्दै छ त्यसैले गर्दा खेरि छिटो भन्दा छिटो डोटि र बैतडिमा ल्याब स्थापना गरेर टेष्टलाइ सुचारु गर्न, यलाइ गति दिन पनि म सभामुख मार्फत सरकारको ध्यानाकर्षण गर्न चाहान्छु । आज सुदुरपश्चिम पनि १०७ जना कोरोना संक्रमित भैसकेको अवस्था छ । १०० भन्दा मुनि संक्रमित समस्या भयका ठाउमा साना दुरिका यातायात सञ्चालन भन्ने कुरा आको थ्यो अब हामी सहयोग पनि मागि सक्यौ यसले गर्दा सुदुरपश्चिमको जनजीवन कस्तो अवस्थामा रहन्छ र अर्को कुरा सबै स्कुलहरु क्वारेन्टाइनले भरिसकेका छन अवस्था हामीलाइ थाहा छ । अब सरकार भन्छ होम क्वारेन्टाइन, हामी कुन होम बाट आयको हौ हामीलाइ हाम्रा होम थाहा छ अब धनगढी र काठमांडौ आउने बित्तिकै यस्ता होम छन कि हामी यो परिवेशका मान्छे हौ यउटै कोठामा आमा, बुवा, बुहारि, बहिनी, छोरा बस्छन भेन्टिलेशन छैन अब त्यो लाइ होम क्वारेन्टाइन भन्दिय । होम क्वारेन्टाइको रुपमा युज हुदा के हुन्छ मलाइ के लाग्छ भने भन्दा के हामी यहा आउने बित्तिकै कि पाउने बित्तिकै हाम्रा घर त भरियका त छैनन् नि । त्यसैले यि सवै परिवेशलाइ हेरेर कस्ता किसिमका योजना बनाउदा यस्लाइ न्युनिकरण गर्न सकिन्छ यो केहि दिन अगाडि डडेल्धुराको अपि हस्पिटललाइ कोरोनाका बिरामिलाइ राखेर त्यलाइ व्यवस्थापन गर्नुपर्छ भनेर बारम्बार यो सदनमा पनि कुरा उठेको छ र त्यहाको समन्वय समितिले पनि सिफारिस गरेको १५ दिन भैसक्यो यो अहिले सम्म किन हुन सकेन सभामुख जयु मार्फत म यहा मन्त्रीको ध्यानाकर्षण गर्न चाहान्छु अब अर्को कुरा मलाइ के लाग्छ भन्दाखेरि यो आरडिटिको कुनै अर्थ छैन हामी आरडिटिको परिक्षण मा सहमत छैनौ यो सवैले यल्लाइ क्यान्सिल गरिसकेको कुरा हो भुलभुलैयातिर जानुहुदैन खर्च पनि ग्रनुहुदैन सुदुरपश्चिमका नौ जिल्लामा छिटो

भन्दा छिटो चिकित्सक र पिसाआर लाइ अगाडि बढाउने सवालमा किटहरु उपलब्ध गराउन हामी माग गर्न चाहान्छौ । वास्तवमा यहा धेरै कुरा ले मात्र हामी गै राखेका छौ त्यसैले सरकारमा गति आउनुपर्यो पहिलो प्राथमिकता राज्यले जनतालाइ नै बचाउने हो । यदि जनतानै हामीले बचाउन सकेनौ भने हामी कस्को सरकार हुने? कसका प्रतिनिधी हुने यसमा सरकार बढि गम्भिर हुन जोड देखेको छु । सरकारले ३२ करोड ५० लाख रुपिया खर्च गरेको आएको छ प्रदेश सरकारले त्यो राम्रो कुरा हो गरिराख्या छ तर यसको प्रतिभुति हुन सकेको अवस्था छैन । प्रदेश सरकारले साढे ३६ करोड रुपिया खर्च हुदा पनि प्रदेश सरकारले गरेको काम कारवाहिको जनतामा त्यसको प्रत्याभुति हुन सकेन र सरकारसँग हामी माग गर्न चाहान्छौ । सभामुख मार्फत यसको फाटवारि कसरि खर्च भयको छ त्यल्लाइ पनि यो सदनमा जानकारी गराउन म चाहान्छु । अन्तमा यहा सुरक्षाको कुरा पनि आको छ सभामुख महोदय अस्ति पनि हाम्रो माननीय पुर्णा जिले भन्नुभाको थियो दिपायलमा करिब करिब १००० जना जति प्राविधिक कारणले पार्सल हुन नसकेका पुलिसकर्मिहरु छन तालिम केन्द्रमा अहिले  हरेक क्वारेन्टापनमा एक जना पुलिस दिन सक्ने अबस्था छैन र हाम्रो मुलुक त यस्तो हो आम निर्वाचनमा ४/५ दिन यसो लेपराइज गरायर पनि म्यादिमा प्रहरि भर्ना गरायर पनि हामी निर्वाचन गरेका मान्छे हौ यसैले ति त ट्रनिङ प्राप्त छन प्राविदिक कारणले रोकियका छन हाम्रो प्रदेशसरकारले संघसँग सम्पर्क गरेर तिनलाइ सुरक्षामा खटाइकन सहजिकरण गर्न पनि म सभामुख ज्यु मार्फत सरकारलाइ माग गर्न चाहान्छु र अन्तमा अहिलेसम्मको समिक्षा गरेर कोरोनाको अहिले सम्मको हामी समिक्षा गरौ गम्भिर रुपमा निर्मन तरिकाले समिक्षा गरौ हामीले यलाइ हल्कि रुपमा लियका छौ यसका दुउवटा पाटा छन सभामुख महोदय एकातिर अब कम्युनिटि लेभलमा पुगिसक्यो सुदुरपस्चिममा समुदायरुपामा कोरोना पुगिसकेको अवस्था छ त्यो बढ्दै छ किन भन्दा इन्डियाबाट आउने सख्यां रोकिनेवाला छैन त्यसैले गर्दा यलाइ निर्मम तरिकाले हामी समिक्षा विश्लेशण गरौ र अनि आगामि दिनमा हामी कसरि जान सक्छौ सामुहिक रुपमा हामी एक्लै सरकारले सक्दैन सकेन त्यसैले सबैलाइ सिमेटेर सामुहिक रुपमा यसलाइ कसरि न्युनिकरण गर्न सक्छ आगामि दिनमा त्यो रणनीति बनाउ अर्को संवेदनशिल एउटामात्र कुरा छ सभामुख महोदय मलाइ अर्को चिन्ता छ अब भोकमरिको अव स्था सुरुहुन्छ भारतले भोलि बस्तुमा प्रतिबन्ध लगाउने बित्तिकै यो पनि समस्या छ नेपालमा हामीले खादयको प्रबन्ध तिन महिनासम्मका लागि पनि सुदुरपस्चिममा गरि छ त्यसका लागि पनि प्रदेश सरकारले त्सले अविलम्ब कदम चालोस भन्न चाहान्छु धन्याबाद

**माननीय पुर्णा जोशि**

माननीय सभामुख महोदय, डोटीको केआईसिंङ गाउपालिका वडा नं.३ स्थित सिताराम आधारभुत बिद्यालयमा गए राति एकजना युवाले क्वारन्टाइनमै रहेको अवस्थामा ज्यान गुमाएका छन क्वारेन्टाइन भरिभराउ छ । भारतबाट आउने मान्छे रोकियका छैनन्, आउने क्रम जारि छ। आएको बिचमा रहेको आधारभुत बिद्यालयमा रहेका ति युवा हिजो सम्म स्वस्थ अवस्थामा जस्तो

देखिन्थे त्यसैले उनि मृत्यु भैसके पछि उनका परिवारले उनको शव चलायको अवस्थामा वा अंगालो हालेको अवस्था छ । बुवा आमाले यो कारणले गर्दा खेरि त्यो क्वारेन्टाइनको अवस्था के होला? त्यो गाउका मान्छेहरुको अवस्था के होला ? अहिले सम्म दुखका साथ भन्नुपर्छ अंधिकाश मान्छेहरु मा मृत्यु भयकोछ र उनिहरुको मृत्यु पछाडि भयको छ र पोजेटिभ आयको छ । त्यसकारणले गर्दाखेरि डोटीमा तिनजना सुत्केरि क्वारेन्टाइनमा सुत्केरि हुनु भयो उहाहरुको अवस्था केहि नेगेटिभ आइसकेको छ र केहि परिक्षणको अवस्थामा छ । त्यसकारणले गर्दा खेरि यो क्वारेन्टाइनको अव्यवस्था हो त्यति स्थानीय सरकार जुटेको छ लागि परेको छ स्थानीय प्रशासनले सक्दो सहयोग गरेको छ। प्रदेश सरकारले पनि त्यसमा सहयोग गरेको छ तर क्वारेन्टाइन व्यवस्थित हुन सकेका छैनन् । क्वारेनटाइनमा रहेकै कारणले गर्दा खेरि कति मान्छेहरु संक्रमित हुन्छन भन्ने कुरा यो अनुमान गर्न सकिने अवस्था छैन त्यसकारणले गर्दा खेरि मैले अस्ति पनि निवेदन गरेको थिय यो सम्माननीत सभामार्फत सरकारको ध्यानाकर्षण गरेको थिय । अब घर लाइ आइसोलेशन बस्ने किसिमका प्रयाक्टिसहरु भयका छन तिनिहरुलाइ बिकसित अथवा तिनलाइ बैज्ञानिक बनायर हामीले कार्यक्रम हिन्दु धर्म अनुसार क्रिया बस्ने चलन छ १५ दिनसम्म आइसोलेशन मा बस्ने किसिमको प्रयाक्टिस हाम्रा हुन कसैलाइ नदेख्ने, कसैलाइ नछुने, कसैको सामानहरु प्रयोग नगर्ने किसिमका प्रयाक्टिस हाम्रा हुदाहुदै हामीले आधुनिक तरिकालाइ क्वारेन्टाइन भन्यौ बिद्यालयका कोठाहरु प्रयोग गर्यौ त्यसमा खचाखच मान्छे राख्यौ त्यसकारणले गर्दाखेरि यो अवस्थालाइ भयाभह हुनबाट एउटा बञ्चित गर्नको लागि मुक्त गर्नको लागि पिसिआरको दायरा बढादनुपर्छ । आरडिटि अन्त्य गर्नुपर्छ भिटियम हरु जिल्ला, जिल्लामा पिसिआर र भिटियम हरु किटहरु जिल्लामा पठाउनुपर्छ र स्थानीय तहले काम गर्दा गर्दै पनि स्थानीय तह ले समन्वय गरेको अवस्था छैन भन्ने कुराहरु सवैको आरोप छ स्थानीय तहका जनप्रतिनिधि हरु खटेर काम गरेका छन । तर समन्वय को बिस्तार गरेर सवैलाइ काम को जिम्मा दिन सक्या अवस्था छैन सुरक्षा कर्मिको अत्यन्त आवश्यक छ । मैले अस्ति पनि निवेदन गरेको थिय तालिम केन्द्रमा रहेका करिब १२ सय जना तालिम गरिसकेका । तालिम सम्पन्न गरिसकेका मान्छेहरुलाइ ति प्रहरी हरुलाइ हातमा हतियार हैन लाठि दियर प्रत्येक क्वारेन्टाइनमा राखुस क्वारेन्टाइनको राम्रो व्यवस्था गर्ने हो भने त्यो गर्नुस होइन भने क्वारेन्टाइन लाइ बन्द गरेर अब होम आइसोलेशन तर्फ, होम क्वारेन्टाइन तर्फ पठाउनु पर्छ । यो कुरा निबेदन गर्धे मैले तत्काल यो पिसिआर र भिटियमको व्यवस्था जिल्लामा गर्नको लागि स्वास्थ्य कर्मिलाइ थप व्यस्थापन गर्नको लागि म प्रदेश सरकारको ध्यानाकर्षण गर्न चाहान्छु । धन्यबाद ।

**२.माननीय सदस्यहरू,**

अब, **"सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६"** माथिको कार्वाही प्रारम्भ हुन्छ ।

**३.माननीय सदस्यहरू,**

**“सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६”** माथि सामाजिक बिकास समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भनि प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम (२) को देहाय खण्ड (क) बमोजिम प्रस्ताव प्रस्तुत गर्न विधेयक प्रस्तुतकर्ता सामाजिक बिकास मन्त्री माननीय कृष्ण राज सुवेदीलाई अनुमति दिन्छु ।

माननीय सभामुख महोदय सुदुरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक २०७६ माथि सामाजिक बिकास समितिमा दफादार छलफलको कार्य समाप्त भय पश्चात प्रस्तुत भयको प्रतिवेदन सहितको बिधेयक माथि सभामा  छलफल गरियोस भनि प्रदेश सभा नियमावलि २०७४ को नियम १२१ को उपनियम २ को देहाय खण्ड क बमोजिम यो प्रस्ताव पेश गर्दछु धन्यबाद ।

**(प्रस्ताव प्रस्तुत भएपछि)**

**४.माननीय सदस्यहरू,**

अब म, सामाजिक बिकास मन्त्री माननीय कृष्ण राज सुवेदीले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस ।

**(“हुन्छ” भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

**(“हुन्न” भनेपछि)**

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **“सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६”** माथि सामाजिक बिकास समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

**५.माननीय सदस्यहरू,**

अब, **“सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६”** माथि दफावार छलफल समाप्त भई सामाजिक बिकास समिति बाट पेश हुन आएको प्रतिवेदन माथि प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम (८) बमोजिम छलफल प्रारम्भ हुन्छ । छलछफलमा सामाजिक बिकास समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरूमा मात्र छलफल गरिनेछ । छलफलमा भाग लिन चाहनुहुने प्रत्येक मा० सदस्यहरूको लागि ५ (पाच) मिनेटको समय निर्धारण गरेको छु ।
सर्वप्रथम माननीयमान बहादुर धामीलाई समय दिन्छु ।

माननीय सभामुख महोदय सुदुरपश्चिम प्रदेश सरकारले, सुदुरपस्चिम प्रदेश प्रज्ञाप्रतिष्ठान सम्वन्धि

विधेयक यो सम्मानित सभामा पेश गरिसकेपछि सामाजिक बिकास दफादार छलफल पछि आज यो सदनमा जुन सुदुरपश्चिम प्रज्ञा प्रतिष्ठान गठन सम्बन्धि बिधेयक अब कानुनको रुपमा जारि हुन केहि समय बाकि छ अत्यन्त दिहङ्गम ढङ्गले छलफल गरेर परामर्स गरेर सामाजिक बिकास समितिले यो सदनमा पेश गरेको यो विधेयकको पुर्ण रुपमा म समर्थन गर्न चाहान्छु र यसको महत्वर यसले पार्ने दुर्गामि प्रभाव को बारेमा यो विधेयकले बोलेको छ माननीय सभामुख महोदय त्यसकारण सुदुरपश्चिम प्रदेशको समग्र बिकासको लागि सुदुरपश्चिम प्रदेशको बिभिन्न कला र क्षमता र साहित्यिक संरक्षणको लागि  यो विधेयक आवश्यक पर्ने कुराहरु महसुस गरेको छु । त्यसकारणले यो विधेयकको बिभिन्न बुदाहरुमा छलफल गर्नुभन्दा पनि एउटा दफादार छलफलको पछि यहा आइसकेको अवस्थामा सैदान्तिक रुपमा जसरि विधेयक आयको छ यो विधेयकले एउटा समृद सुदुरपश्चिम निर्माणको एउटा कोसे ढुङ्गाको रुपमा साबित हुने छ । माननीय सभामुख महोदय यो विधेयक आइसकेपछि सुदुरपस्चिमा रहेका सुदुरपश्चिम भरिका प्रतिभाहरु र यहाको कला र संस्कृति र साहित्यिक क्षेत्रमा योगदान गरेका प्रतिभाहरु सुदुरपश्चिमका एउटा गहना बन्ने छन यो मैले विस्वास लियको छु र मुल कुरा भोलि गयर कार्यान्वन हुने सन्दर्भमा मैले आशा गरेको छु । यो विधेयक ऐनको रुपमा कार्यान्वन भैसकेपछि यल्ले यहाँको बिकासको निम्ति महत्वपुर्ण भुमिका खेल्ने छ हाम्रा केहि तिता अनुभवहरु पनि छन । माननीय सभामुख महोदय विदेयक ऐनको रुपमा पारित भयर अगाडि जाने र ति कतै थन्किने समस्या पनि कतै कतै देखियको छ अब यस्तो अवस्था नहोस बिगतबाट कुनै न कुनै सुदुरपश्चिम प्रदेश सरकारले यो भुमिकाले गर्ने छ भन्दै सुदुरपश्चिम प्रज्ञाप्रतिष्ठानले जुन सुदुरपश्चिममा प्रदेश पायको छ । यहाका पछाडि परेका क्षमताहरु यहाका पछाडि पारियका क्षमताहरु फेरि सतहमा आउने छन र ति क्षमताहरुले सुदुरपश्चिम प्रदेशलाइ एउटा किसिमको फिडब्याक प्रदान गर्नेछ भन्ने विश्वास सहित यो प्रज्ञाप्रतिष्ठान को विधेयकको कार्यन्वन सम्बन्धि पुर्ण शुभकामना दिन चाहान्छु, धन्यवाद ।

**माननीय श्यामलाल राना**

माननीय सभामुख महोदय कृषणपुर नगरपालिका वडा न. ७ कञ्चनपुरका वडाध्यक्ष कल्लुरानाको आज तेह्रौ पुन्य तिथि हो आज कृष्णपुर नगरपालिकाले त्यस वडामा श्रदान्जली सभाको आयोजना गरेको छ र त्यहाँका स्थानीय पार्टिका सभापति पनि त्यसमा सहभागी भैराखेका छन । अहिले ८ बजेको समयमा म यसै रोष्टमबाट म उहाप्रति श्रदान्जलि व्यक्त गर्न चाहान्छु साथै सरकारलाइ पनि कुनै न कुनै ढङ्गले उहाको परिवार प्रति उचित सम्मान गर्ने र राहतको लागि व्यवस्था गरोस भन्ने माग राख्न चाहान्छु र उहाको परिवार प्रति सम्वेदना प्रकट गर्न चाहान्छु । सुदुरपस्चिम प्रदेशले सुदुरपस्चिम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न विधेयक सदनमा प्रस्तुत गरेको छ र दफावार छलफल भयर पनि आइसकेको अवस्था छ । माननीय सभामुख महोदय मलाइ बडा खुसि लागेको छ कि मानव सभ्यताको समेत भाषा कला साहित्यको पनि सिर्जना भयको छ ।  यसको जगेर्ना गर्नाको लागि यसको संरक्षण र संम्बर्दन गर्नको लागि यो विधेयकले अत्यन्त महत्वपुर्ण भुमिका खेल्ने छ भन्ने मैले महसुस गरेको छु हिजो केन्द्रिकृत राज्यको समयमा हामी सुदुरपश्चिम बासि जुन दुर दराजमा हाम्रा प्रतिभाहरु को जुन समाजमा थिय उनिहरुको जुन संरक्षण र संम्वर्धन र

प्रोत्साहनबाट उनिहरु बञ्चित थिय । सुदुरपश्चिम प्रदेश  सरकारले यो विधेयक मार्फत यल्लाइ कार्यान्वयन को तर्फवाट अगाडि बढायर अवश्य पनि प्रतिभाहरुलाइ प्रोत्साहन मिल्ने छ र हाम्रो संस्कृति र संरक्षणको जगेर्ना हुने छ भन्ने मैले सोचेको छु वास्तवमै यो विधेयकले सबै जात जाति यो हाम्रो सुदुरपश्चिम को भुबनोट पनि यस्तो किसिमको छ तराइ देखि हिमालसम्म बहुभाषी र बहु सांस्कृततिक प्रदेश भयको हुनाले सबै समुदायमा भयको प्रतिभालाइ समेट्ने छ र यसले जसरि प्रतिभाहरुलाइ आफ्नो समुदाय को आफ्नो भाषा, संस्कृतिहरुको पहिचान गराउने आफ्नो ठाउलाइ पहिचान गराउने आफ्नो प्रदेशलाइ पहिचान गराउने राष्ट्र सामु चिनाउने जुन उहाहरु को कदम छ त्यसलाइ त्यसले अवश्य पनि सम्बोधन गर्ने छ  भन्ने मैले विश्वास लियको छु । माननीय सभामुख महोदय अत्यन्त राम्रो विधेयक छ र मलाइ लाग्छ यो विधेयकले आगामी दिनहरुमा समाजशास्त्रका बारेमा पनि अध्ययन गर्दै र सम्पुर्ण मानव  सभ्यतामा जुन हामीले हाम्रो यो साहित्य दर्शन छ । हाम्रो संस्कृति छ यसको संरक्षण र सम्वर्धनका बिषयमा सेमिनार गोष्ठिहरु को आयोजना गर्दै यसले विश्व सामु हामीलाइ चिनाउने अवसर प्रदान गर्नेछ । त्यसकारणले यो विधेयक अत्यन्तै महत्वपुर्ण रहेको छ किनभने यो मानव सभ्यतासँग पनि जोडियको हुनाले यो विधेयक ले महत्वपुर्ण भुमिका खेल्ने छ भन्ने मैले महसुस गरेको छु र यसमा दफावार छलफल भयर आइसकेको छ । त्यसकारणले यलाइ सरकारले यो छिटो भन्दा छिटो यो सदन बाट पारित होस भन्ने म चाहान्छु र साथै यसको कार्यन्वयन को पक्षमा पनि सरकारले बिशेस ध्यान दिने छ भन्ने भनाइ राख्दै आफ्नो मन्तब्य यहि राख्न चाहान्छु धन्यबाद नमस्कार ।

**माननीय कृष्ण बहादुर चौधरी**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रज्ञाप्रतिष्ठान संघ सम्बन्धमे ब्यवस्था कर्ना बने बिधेयक यि से पहिले पाचौ अधिवेशनमे यि सदन समक्ष ३ प्रसतुत हुइल बाहु सामान्य छलफल पाछ सम्बन्धित समितिमा दफावार छलफल के बारे पठाइल रह । छलफलके क्रममे हाम्र अनुभवि माननीय ज्युके बिभिन्न चरणमा, बिभिन्न बैठकमा छानके यिआन मजाक बनाकर आज फेर हाम्र  सामाजिक छलफलमा बाटि यि हना बहुत धेर छलफल कर्ना जरुरि मैहिन नहि लागत कारण के यि दफावार छलफल हो कि आ सकल यि मोर यि छानविन करके आइल बा जहाजहा कमजोरि रहे सच्चाइपरलरहे यि सच्चाइकल आइल हु से न धेर छलफल कर्ना जरुरि नै हो मै लागत  आज यि पार फेर हुइ सुदुरपश्चिम प्रदेश यसिन प्रदेश बनल बा सभामुख महोदय यहर उत्तर हिमाल पहाड से लेक यिहौर तराइ यि भुगोल भित्र तमाम जातके मन्यै तमाम भाषाकेमनै हाम्रि बैठल बाटि यि एकठोइ सुदुरपश्चिम प्रदेशके सुन्दरता थे अब यि विधेयक पास हो के ऐन बनि तयि भुगोल भित्र यि प्रदेश भित्रल रहल तमाम जातकि भाषा संस्कृति कला साहित्य यि जौन चिज बा यि ऐन बनके पाछे यि ना संरक्षण करि सम्बर्धन करि प्रबर्धन करि कन महि लागतयि कारणले यि एक ठो महत्वपुर्णऐन बनेहायता यिन से पहिले यि प्रदेशमे रहल यसिन महान व्यक्तित्व हु करे रहि

उहाउकनके कला उहाके भाषा उहाउकनके संस्कृति साहित्य चाहि उठे नहिसकल रे कोनो न कोनो रुपमे उल्टार करारके  अब यि सुदुरपश्चिम प्रदेश एक ठो ऐन बनासकि ऐका पक्ष उ लुकल कला हेना संस्कृतिहना साहित्य हाना उपरलाहनि मै विश्वास लेहने यि कारणले यि विधेयक भहुत महत्वपुर्ण विधेयक बा जलदि से जलदि पारित केयि के एक ठो ऐन बनि उ यहाके यि महान यि प्रति महान योगदान देना ब्यक्तित्व उहान सम्मान करि कना फेरि विश्वास मे लेहि बाटु सभामुख महोदय अन्तिममे हाम्रा सुदुरपश्चिम प्रदेश एक डरलाग्ना स्थितिमै जैटिरहल दिनप्रतिदिन भारतसे आइनाक्रम जारि बा १०० से धेर यहा कोरोनाके संक्रमित हो सक्लि एकदम गम्भिर अवस्था बनि जाइटा यि सुदुरपश्चिम प्रदेश मना भर्खर कहाल एक ठो जनप्रतिनिथि ये संक्रमणहुइल कना हाम्रे समाचारमे सुन्लि मै सुन्लो महिन डरलागल साच्चिकै जनप्रतिनिधि हुक्रे खासगरि स्थानीय तहके जनप्रतिनिधि के दिनरात खटलबारहि क्वारेन्टाइनके व्यवस्थामे उहा उक्रन प्रति यदि हामले प्रदेश सरकार गम्भिर बने नै सकि कल से काल हामले यि सब काम करि फिर कशैकि जैन कहान एकठो महत्वपुर्ण प्रश्न खडा हुइल बा सभामुख महोदय यिकरणले हाम्र प्रदेश सरकार संघ सरकारले संघ सरकार देना चिजकि अलवा हाम्रै प्रदेश सरकार से कर सक्ने चिज हाम्रै गमभिर बनि ध्यान दि ब्यवस्था करि खास कर्के हरेक जिल्लामे ९ जिल्लामे यहा क्वारेन्टाइनमे बैठ्ना संख्या पकदम धेर होगिल बा हरेक गाउकि स्कुल मै भरिभराउ होगिल बा हाम्रे उहा बिना परिक्षण करके घरपठाना काल हाम्र प्रदेश बहुत भारि भयाभह अवस्था बनि सक्ता यि कारणले हामीले बहुत सचेत हुके गम्भिर हो के हामले काम कर्ना जरुरि बा ९ जिल्लामे ल्याबके ब्यवस्था हामने कर्ने जरुरि बा ओ खासकरके यि पिसिआर टेष्ट के लग हामने ध्यान दिन जरुरि बा यि करलात प्रदेश सरकार कर्ति स्थानीत तह लागल बा अबिम ते प्रदेश सरकार गम्भिर बनि हम्रे काम करे नहि सकल उ हम्रसँग जोपैसा बा बजेट क्यु पैसाकिन हामने थप हाम्रे यि कोरोनामे लगाइकनह सुझाव देति हि मै अपन कहा यहि थ्यौराइटि हु धन्यबाद नमस्कार  ।

**६..माननीय सदस्यहरू,**

**"सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६"** माथि दफावार छलफल समाप्त भई सामाजिक बिकास समितिबाट पेश हुन आएको प्रतिवेदन सहित विधेयक माथिको छलफलको निर्धारित समय यही समाप्त हुन्छ ।

**७.माननीय सदस्यहरू,**

अब विधेयक प्रस्तुतकर्ता सामाजिक बिकास मन्त्री माननीय कृष्ण राज सुवेदी लाई**"सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६"** माथिको छलफलमा उठान भएका प्रश्नको जवाफ दिन अनुमती दिन्छु ।

माननीय सभामुख महोदय सुदुरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ माथि यो गरिमामय सदनमा छलफल भइ सामाजिक बिकास समितिमा सुदुरपश्चिमकै मुर्धन्य संस्थाहरु समेतलाइ बोलायर सामाजिक बिकास समितिले  असाध्यै राम्रो गहन छलफल गर्यो ।

सुदुरपश्चिमका भाषा, कला, साहित्य, संस्कृति सुदुरपश्चिम बासिको रहन सहन यहाका बिभिन्न प्रकारका चाडपर्ब सुदुरपश्चिम बासिले मनाउने जे जति सुदुरपश्चिम बासिका गौरव बोधका संष्कृति छन यिनिहरुसबैलाइ जगेर्ना गरेर यो विधेयक पुर्ण रुपमा अगाडि बढाउनुपर्छ । सुदुरपश्चिमका धेरै संस्थाहरु जो विश्वमा चिनियका छन जो जय पृथ्विबहादुर सिँ, पहलमान सिँ लगायत का मुर्दन्य हाम्रा कला साहित्य संस्कृति क्रमिहरुलाइ पनि समेटेर अघाडि लैजानुपर्छ । यलाइ कहि कतै केहि छ भने यलाइ बढाउनुपर्छ भनेर त्यो छलफल मा धेरैलाइ सहभागि गराइयको थियो त्यसमा म पनि सहभागि भयको थिय । उहाहरुले असाध्यै राम्रा सुझाब दिनु भो लोबारर्ता भन्ने शब्द एउटा हाम्रो विधेयकमा हामीले सरकारले प्रस्तुत गर्दा छुटेको थियो त्यल्लाइ पनि हाम्रो लोकबार्ताको माध्यम द्वारा यलाइ अगाडि बढाउनुपर्छ भनेर केहि साथिहरुले भन्नु भो त्यलाइ पनि हामीले समेटेर त्यो समिति ले समेटेर ल्यायौ । आज त्यो बिषयमा बोल्ने माननीय ज्युहरुले असाध्यै महत्वपुर्ण त्यलाइ अजै चाडो पारित गरेर यलाइ कार्यान्वयन हुन पर्छ । हिजोका विधेयक हरु कार्यान्वन भयन भण्ने जुन आएको छ म के विश्वास दिलाउन चाहान्छु भन्दा यो विधेयक पारीत भैसकेपछि हामी यो बर्षको बजेट बनाउने बेला पनि छ यलाइ यो बर्षको आगामि बर्षको बजेटमा सम्बोधन गर्ने गरि यलाइ अगाडि बढाउने गरि लैजाने कुराहरु यहाहरुलाइ विश्वास दिलाउदै यसमा उठेका असाध्यै महत्वपुर्ण जुन तपाइहरुका सुजाव छन । यो सबै विधेयकमा समेटियको छ र कहि कतै अपुर्ण जस्तो यो छैन तै पनि सबै पुर्ण भको केहि पनि हुदैन अज यलाइ पनि सुधारेर पछिल्ला बेला पनि केहि थप्नुपर्ने अज नयाँ आयो भने थप्न सकिने ठाउ पनि हुनसक्छ तर यो समग्र सुदुरपश्चिमको ९ वटै जिल्लाका ८८ वटै स्थानिय तहका जनतालाइ त्यहाका भाषा कला त्यहाको रहनसहन त्यहाको रितिरिवाजलाइ समेट्ने गरेर यो विधेयक आयको छ यसैले यसमा सुझाव दिनुहुने माननीय ज्यु हरुका सुझावलाइ सरकारले ग्रहण गर्दै आगामी वजेटमा सम्बोधन गर्ने बीश्वास दिलाउन चाहान्छु धन्यवाद ।

**८.माननीय सदस्यहरू,**

अब,म **"सुदूरपशिचम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६"** माथि दफावार छलफलको कार्य समाप्त भई सामाजिक बिकास समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि २३ (तेईस)सम्मका उल्लेखित संशोधन वा थपहुनु पर्ने व्यवस्थालाई विधेयकको अङ्ग बनोस भनि सुदूरपशिचम प्रदेश सभा नियमावली, २०७४ को नियम ११६ बमोजिम समुहिकृत रुपमा सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**(हुन्न भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६"**माथि दफावार छलफलको कार्य समाप्त भई सामाजिक बिकास समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि २३ (तेईस)सम्मका उल्लेखित संशोधन वा थपहुनु पर्ने व्यवस्था सर्वसम्मतीले विधेयको अङ्ग बनेको घोषणा गर्दछु ।

**९.माननीय सदस्यहरू,**

अब म, विधेयकका २ देखि ३३ सम्मका दफाहरू आनुसाङ्गिक अन्य दफाहरू, सम्बन्धीत उपदफाहरू तथा अनुसूचि-१ **"सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६"** को अंङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**(हुन्न भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको २ देखि ३३ सम्मका दफाहरू,आनुसाङ्गिक अन्य दफाहरू,सम्बन्धीत उपदफाहरू तथा अनुसूचि-१ सर्वसम्मतीले **"सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६"** को अंङ्ग बनेको घोषणा गर्दछु ।

**१०.माननीय सदस्यहरू,**

अब, म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

**प्रस्तावनाः**सुदूरपश्चिम प्रदेश बहुजातीय,बहुभाषिक र बहुसांस्कृतिक प्रदेश भएकोले यस प्रदेश भित्रका सबै भाषा,साहित्य,**कला** तथा संस्कृतिलाई संरक्षण, सम्बर्द्धन र विकास गर्नुपर्ने कुरालाई हृदयाङ्गम गर्दै भाषा,साहित्य,संस्कृति, दर्शन तथा समाजशास्त्रको अनुसन्धान एवं मौलिक सृजनाका माध्यमद्वारा समाजोपयोगी कृतिहरु तंयार गर्न, गराउन र यस क्षेत्रका विद्वान तथा प्रतिभाहरुको सम्मान र कदर गर्न वाञ्छनीय भएकोले,
प्रदेश सभाले यो ऐन बनाएको छ

**संक्षिप्त नाम र प्रारम्भः** (१)यस ऐनको नाम**"सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान ऐन २०७६"** रहेको छ ।
(२) यो ऐन प्रमाणिकरण भएको मिति देखि प्रदेशभर लागु हुनेछ ।

**११.माननीय सदस्यहरू,**

अब म, विधेयकको प्रस्तावना र नाम **"सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६"** को अङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।
यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**(हुन्न भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतीले **"सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६"** को अङ्ग बनेको घोषणा गर्दछु ।

**१२.माननीय सदस्यहरू,**

अव म, विधेयक प्रस्तुतकर्ता सामाजिक बिकास मन्त्री माननीय कृष्ण राज सुवेदी लाई **"सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६"** लाई सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस भनी प्रस्ताव प्रस्तुत गर्न अनुमती दिन्छु ।

माननीय सभामुख महोदय प्रदेश सभा नियामावलि २०७४ को नियम १२२ बमोजिम सुदुरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक २०७६ लाइ सभाबाट पारित गरियोस भनि यो प्रस्ताव पेश गर्दछु धन्यबाद

**१२.माननीय सदस्यहरू,**

अब, म सामाजिक बिकास मन्त्री माननीय कृष्ण राज सुवेदीले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**(हुन्न भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६"**सर्वसम्मतीले पारित भएको घोषणा गर्दछु ।

**१३.माननीय सदस्यहरू,**

**"सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६"** माथिको कार्बाही यँही समाप्त हुन्छ ।

**१४.माननीय सदस्यहरु,**

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ । अर्को बैठक  मिति २०७७ साल जेष्ठ २७गते मङ्गलबार दिउंसो ३.०० बजे हुने भएकोले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।